बार्षिक बजेट तथा कार्यक्रम
२०८०

बारबर्दिया नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
जयनगर, बर्दिया

संरक्षकः
श्री अशोक कोइराला
प्रमुख प्रशासकीय अधिकृत

सम्पादकः
टिकानाथ गोसाई
गोविन्द पुरी
दिपकराज थापा
काशीराम गौतम
सत्येन्द्र जि.सी.

भाषा सम्पादन :
लेखनाथ गौतम

कम्प्युटर टाईपिङ्ग
राम बहादुर थारु

ले-आउट तथा आवरण डिजाइन
नगेन्द्र भण्डारी

मुद्रणः
म्याक्सवेल प्रिन्टस प्रा.लि.
नेपालगन्ज, बाँके
फोन नं. ०८१-५३८०५५
ईमेलः maxwell.prints@gmail.comg

सम्पादकीय

वार्षिक बजेटको सन्दर्भमा पुस्तक तयार गरी आम नागरिकलाई बारबर्दिया नगरपालिकाले आर्थिक व २०८० ०८१ मा के कस्ता आयोजनाहरू के कसरी छनौट भएका छन् र रकम के कति र कुन स्थानमा परेको सम्बन्धमा जानकारी गराउन सजिलो हुनेछ । नगरपालिकाको एक अभिलेख हो जो कसैले पनि बुझ्न जान्न चासो राखेका बखत नगरपालिकाले देखाउन सक्ने, बुझाउन सक्नेछ । त्रैमासिक रुपमा बजेटको विभाजन गरिएको छ । आर्थिक ऐन, २०८०, विनियोजन ऐन, २०८० समेत पुस्तकमा समाहित गरेर प्रकाशन गरिएको हुँदा करका दर, दायराहरू हेर्न सकिन्छ । विकास प्रति चासो राख्ने वुझ्ने व्यक्ति समुदायलाई एक खुराकको रुपमा पुस्तक आउन नसकिएको भएतापनि आगामी समयमा प्रयास गरिनेछ ।

बारबर्दिया नगरपालिकाको भौतिक विकास मात्र विकास नभई आर्थिक, सामाजिक, साँस्कृतिक सम्पदा, भाषा साहित्यको समतामूलक विकास, उत्पादन वृद्धिमा टेवा पुऱ्याउन आर्थिक वृद्धि दर वृद्धि भएमा विकासको अर्थ हुन्छ । सामान्य नागरिकको दैनिक गाँस बाँस रोजगारीमा बढोत्तरी भएमा उसको अनुहारमा खुसी प्राप्त भएमा सेवा प्रवाहमा छिटो छरितो बनाउन सकेमा परिवर्तनको महसुस हुनेछ। यो पुस्कतले विकासको एक सारथीको कार्य गर्नेछ। १३औं नगरसभाले पारित गरेका वार्षिक बजेट तथा कार्यक्रमहरू यस अघि पारित भएका ऐन, नियम, कार्यविधिहरूका निर्णयहरूको प्रभावकारी कार्यान्वयनमा पनि सम्पूर्ण जनताको सदा साथ र सहय अपेक्षा लिएको छौं ।

नगर प्रमुखको भनाइ

नेपालको ईतिहासमा विगतका विभिन्न आन्दोलनबाट प्राप्त प्रजातन्त्र साथै ०६२/०६३ को जनआन्दोलनबाट प्राप्त गणतन्त्र र २०७२ मा जारी संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था सहितको नेपालको संविधान प्राप्ति सम्म र देशलाई यो व्यवस्था सम्म पुऱ्याउँदा योगदान पुऱ्याउने ज्ञातअज्ञात वीर शहिदहरु प्रति हार्दिक श्रद्दा सुमन अर्पण गर्दछु। बारबर्दिया नगरपालिकाको निर्वाचित स्थानीय सरकारको यो दोस्रो वर्ष हो। केही वर्ष अगाडीको कोभिड १९ को प्रभाव साथै देशमा नै अर्थिक गतिविधि को अवस्था कमजोर भएको अवस्थामा हाम्रो नगरपालिकामा पनि त्यसको प्रभाव परेको छ। विगत वर्षका कतिपय कार्यक्रमको दायित्व लिई पुर्ण गराउनु पर्ने छ भने थप नया योजना तथा कार्यक्रम सञ्चालन गर्नु पर्ने देखिन्छ। समग्र बारबर्दिया नगरपालिकाको सर्वाङ्गीण विकासका लागि बारबर्दिया नगरपालिका सदैव लागि रहेको छ। विविध चुनौतिहरुसँग सामना गर्दै अघि बढ्न नगरबासी र सरोकारवाला महानुभावहरुले हामीलाई प्रत्यक्ष अप्रत्यक्षरुपमा महत्वपूर्ण सल्लाह, सुझाव र सहयोगसहित मार्ग निर्देश गर्नु हुनेछ भन्ने आशा एवम् विश्वास लिएको छु। हामीलाई हरपल साथ र सहयोग दिनु हुने सम्पूर्ण नगरबासी आमाबुवा, दाजुभाइ तथा दिदीबहिनीहरुमा धन्यवाद।

"कृषि, उद्योग र पर्यटनमा बृद्धिः बारबर्दिया नगरको समृद्धि" भन्ने नारा सहित यस आर्थिक वर्ष २०८०/२०८१ मा पनि भौतिक पूर्वाधार, स्वास्थ्य, शिक्षा, कृषि, पशु, पर्यटन प्रवर्द्धन, युवा स्वरोजगार लगाएतका क्षेत्र समेटी नीति तथा कार्यक्रम निर्धारण गरिएको छ। गत आर्थिक वर्षबाट सञ्चालनमा रहेको कृषि र पशु विकासको सेवा पुरै नगरपालिका भरि पुऱ्याउन कृषि तथा पशुविकासमा आधारित साना किसान तथा युवा उद्यमशिलता साझेदारी परियोजना यस आर्थिक वर्षमा पनि निरन्तरता दिएको छ।यो परियोजना यस वर्ष नगर पालिकाको सबै वडाहरुमा सञ्चालनमा हुने र कृषि तथा पशुजन्य पदार्थको उत्पादन, उपभोग तथा बजारी करणमा सबै नागरिकको पँहुच हुने देखिन्छ। कृषि उपज भण्डारको लागि कोल्ड स्टोरको योजना राखिएको छ भने बारबर्दिया नगरपालिकालाई "हरियो नगर सफा नगर" " (GREEN NAGAR CLEAN NAGAR) " भन्ने अभियानलाई पूर्णता दिन नीति तथा कार्यक्रममा समेटिएको छ। उल्लेखित नीति तथा कार्यक्रम र बजेट पूर्णरुपमा कार्यान्वयन हुने विश्वास र प्रतिवद्धता व्यक्त गर्दछु।

यस नीति तथा कार्यक्रमको पुस्तकमा व्यक्त गरिएको नीति तथा कार्यक्रमले समग्र बारबर्दिया नगर बासी जनताको अत्याधिक चाहना र आवश्यकता समेट्न नसकिएका कुराहरुलाई आगामी आर्थिक वर्षहरुमा क्रमश नीति तथा कार्यक्रम निर्माण गरी नगरपालिकालाई विकास र समृद्धिको बाटोमा अगाडी बढाउन नगर बासी साथै सरोकारवालाहरु बाट आउने सुझावले हामीलाई मार्गदर्शन गर्नेछ भन्ने मैले विश्वास लिएको छु।

यस नीति तथा कार्यक्रम र बजेट निर्माणमा सक्रिय भूमिका निर्वाह गर्नु हुने सम्पूर्ण कार्यपालिका सदस्यहरु, विषयगत समितिका संयोजक ज्यूहरु, नगरसभा सदस्य र यो नीति तथा कार्यक्रम तयार गर्न सहयेग गर्नु हुने श्री राम फेरन थारु, श्री इन्द्र प्रसाद थारु, श्री तिर्थ प्रसाद पौडेल र श्री नरेश चौधरी ज्यूहरु लाई धन्यवाद दिन चाहन्छु। बारबर्दिया नगरपालिकाको समग्र विकास र समृद्धिका लागि अनवरत अहोरात्र खटिनु हुने सम्पूर्ण राष्ट्रसेवक कर्मचारी साथीहरुलाई विशेष आभार सहित धन्यवाद दिन चाहन्छु।

जय नेपाल।

श्री छविलाल थारु

नगर प्रमुख

नगर उप प्रमुखको दुई शब्द

नेपाली जनताको अनवरत त्याग वलिदान र समर्पणबाट प्राप्त लोकतन्त्र साथै ०६२/०६३ को जनआन्दोलन पश्चात प्राप्त लोकतन्त्रीक गणतन्त्र साथै २०७२ मा जारी लोकतन्त्रीक गणतन्त्रात्मक शासन व्यवस्था सहितको नेपालको संविधानले नेपालका सबै नागिकको हक र अधिकार सुनिश्चितता गरेको छ। यो उपलब्धी प्राप्त गर्नमा आफ्नो वलिदा दिने ज्ञातअज्ञात शहिद प्रति श्रद्धासुमन आर्पण गर्दछु। जनता नजिक रहेको जनताको सुखदुख र आम चासोको पूर्ण दायित्व स्थानिय सरकारले लिएको हुन्छ। त्यही अनुसार हाम्रो बारबर्दिया नगरपालिकाका नगरबासीले सोही वमेजिम सेवा सुविधा प्राप्त गरिरहेको छन्। त्यसैले बारबर्दिया नगरपालिकाले नगरसभा मार्फत आफ्नो अधिकार क्षेत्रभित्र रहेर निर्माण गर्ने कानुनलाई मुख्य आधार बनाई कार्यक्रम तर्जुमा गर्दै आइरहेको छ।

बारबर्दिया नगरपालिकाले स्थानीय जनतासँग सम्बन्ध राख्ने विभिन्न विषय वस्तुहरुलाई प्राथमिकतामा राख्दै रणनैतिक रुपमा नगरको विकास र समृद्धिलाई निरन्तर रुपमा अगाडी वढाउनु पर्ने आधारभूत आवश्यकतालाई संवोधन हुने गरी नगरपालिका भित्र देखिएका विकृती तथा विसंगतिहरुलाई क्रमिक रुपमा हटाउँदै सभ्य समाज निर्माण गर्ने गरी योजना तथा कार्यक्रमहरु बनाउँदै अगाडी वढीरहेको छौं। नगरभित्र देखिएका अशिक्षा,गरिवी, स्वास्थ्य तथा मेलमिलापमा देखिएका समस्यालाई न्यूनिकरण गर्न नगर सभाले योजना तथा नीति निर्माण कार्यलाई निरन्तर रुपमा अगाडी बढाइरहेको र बढाइ रहने विश्वास लिएको छु। यस नगरपालिका भित्र रहेको अत्याधिक जनसंख्या कृषि तथा पशुपालन व्यवसायमा निर्भर रहेको हुँदा उनीहरुको आर्थिक स्तरलाई उभो उठ्ने गरी कृषिमा आधुनीकरण तथा पशु सेवालाई महत्व दिदै कृषि सम्बन्धि विशेष कार्यनीति निर्माण गर्न हामी सधै तत्पर छौं। कृषि र पशु विकासको सेवा पुरै नगरपालिका भरि पुऱ्याउन कृषि तथा पशुविकासमा आधारित साना किसान तथा युवा उद्यमशिलता साझेदारी परियोजना यस आर्थिक वर्षमा पनि निरन्तरता दिने नीति लिई किसानलाई उत्पादन, आय आर्जन र बजारीकरणमा जोडिने छ। बारबर्दिया नगरपालिका भित्र रहेका एकल महिला, जेष्ठ नागरिक, बालबालिका, अपाङ्ग, अशक्त रुपमा रहेका व्यक्तिहरुलाई सामाजिक सुरक्षा तथा सचेतनाका लागि स्रोत परिचालन र व्यवस्थापनका लागि योजना निर्माण गरी कार्यन्वयन गर्न हामी सधै आतुर छौं। नगरभित्र बसोबास गर्ने सवै जातजाति विशेष गरी थारु समुदायको आफ्नो भाषा, संस्कृत रितिरिवाजलाई निरन्तर रुपमा अघि बढाई यसको संरक्षण र सम्वर्द्धन गर्न विशेष जोड दिने नीतिका साथ स्थानीय सरकारले योजना तर्जुमा गरे को छ। बारबर्दिया नगरपालिका भित्र प्रमुख समस्याको रुपमा देखिएको वाढी र यसले पुऱ्याउने जन धनको क्षतिलाई संवोधन गर्न प्रदेश तथा केन्द्रिय सरकारसँग समन्वय गरी तत्कालिन रुपमा विपद् व्यवस्थापन सम्बन्धी नगरसभाले कानुन बनाई विपद व्यवस्थापन गर्न समिति गठन गरी वजेटको व्यवस्था गरिएको छ। जनताको आयस्तरलाई उच्च गतिमा बढाई आधारभूत आवश्यकता परिपूर्ति गर्न आर्थिक, सामाजिक, साँस्कृति सम्प्रदायिक जस्ता पक्षहरुको सम्बन्धलाई नविन ढङ्गले पहिचान गरी जनपक्षिय नीतिको रुपमा जोड्ने दिर्घकालिन लक्ष्य नगरपालिकाको रहेको छ।

यस पुस्तकमा व्यक्त गरिएको नीति तथा कार्यक्रमले समग्र बारबर्दिया बासी जनताको अत्याधिक चाहना समेट्न नसकिएका कुराहरुलाई आगामी आर्थिक वर्षमा क्रमश नीति तथा कार्यक्रम निर्माण गरी नगरपालिकालाई विकास र समृद्धिको बाटोमा अगाडी बढाउन वौद्धिक तह तप्काबाट आउने सुझावले हामीलाई मार्गदर्शन गर्नेछ भन्ने मैले विश्वास लिएको छु।

अन्त्यमा यस पुस्तकमा उल्लेखित नीति तथा कार्यक्रम र वजेट निर्माणका सक्रिय भूमिका खेल्नुहुने सम्पूर्ण कार्यपालिका सदस्य र नगर सभा सदस्य ज्यूहरु तथा बारबर्दियाको विकास र समृद्धिका लागि निरन्तर खटिनु हुने सम्पूर्ण राष्ट्रसेवक कर्मचारी मित्रहरुप्रति धन्यवाद तथा आभार प्रकट गर्दछु।

जय नेपाल

रत्न कुमारी पाण्डे
नगर उप प्रमुख

प्रमुख प्रशासकीय अधिकृतको कलमबाट

संविधान सभाबाट संविधान निर्माण भएसंगै मुलुक संघीय लोकतान्त्रीक गणतन्त्रत्मक शासन व्यवस्थामा शासकीय संरचनामा रुपान्तरण भएको छ । राजनीतिक अधिकारमा आधारित मौलिक हकहरु विस्तार भै आर्थिक तथा सामाजिक अधिकारमा परिणत भएका छन् । मौलिक हक कार्यान्वयनका लागि आवश्यक कानुन निर्माण भै कार्यान्वयमा रहेका छन् । नेपालको शासकीय संरचना संघ, प्रदेश र स्थानीय गरि तीन तहको हुन भनी संविधानमा लिपिबद्ध गरिएको छ । संघ, प्रदेश र स्थानीय तहको सम्बन्ध सहकारीता, सहअस्तित्व र समन्वयमा आधारित रहने संवैधानिक व्यवस्थाले हाम्रो संघीयता, सहकारिता मुलक संघीयता हो भन्न सकिन्छ ।

संघ, प्रदेश र स्थानीय तह वित्त समन्वय एवं सहकार्यको लागि कानुनी प्रबन्ध गरिएको छ । प्रदेश प्रदेश विचको विबाद समाधानको लागि अन्तर परिषद तथा स्थानीय तहहरु बिचको विवाद समाधानको लागि प्रदेश समन्वय परिषद जस्ता संस्थागत व्यवस्था गरिएको छ । प्रदेशहरु बिच प्रशासनीक तथा न्यायिक अन्तर सम्बन्ध एवं सहकार्य हुने संवैधानिक व्यवस्था समेत रहेको छ ।

नयाँ संविधान जारी भै सकेपछि स्थानीय तहको दोस्रो निर्वाचन पछिको दोस्रो कार्याकाल कार्यान्वयनको क्रममा रहेको छ । यति छोटो समय अवधिमा नै स्थानीय तहको कार्यसम्पादन र प्रभावकारिता बारेमा बिश्लेषण नगदै छिट्टै निर्णयमा नै पुग्न उपयूक्त नहोला ।

बारबर्दिया नगरपालिकामा भौतिक संरचनाहरु निर्माण भएका शिक्षा व्यवस्थामा सधार आएको छ । सामुदायिक विकासमा अभिबृद्धि भएको छ । कानुनी प्रवन्धहरु गरिएको छन् । पहिलो अवधिमा भौतिक संचरना तथा संस्थागत संरचना र कानुनी संरचना निर्माण भएका छन् । नगरपालिकाको विकासका लागि पुर्वाधार सँगसंगै आर्थिक सामाजिक सेवा तथा रुपान्तरण गर्नु आवश्यकता रहेको देखिन्छ । उपरोक्त व्यवस्थालाई प्रभावकारी रुपमा उपयोग गर्दै सिमान्तकृत, पिछडिएका गरिब समुदायका सेवा प्रवाहको पहुच स्थापित गर्न चुनौतिपुर्ण रहेको देखिन्छ ।

बारबर्दियाका नागरिकको आवश्यकता तथा प्राथमिकतालाई महत्व दिई उनीहरुका समस्यालाई यथासिघ्र संवोधन गर्दै सेवा प्रवाह प्रभावकारी बनाउदै विकासको प्रतिफल न्यायोचित वितरण गरिनुपर्दछ । नव संरचना अनुरुप स्थानीय तहको शासकीय अभ्यासको लामो अवधि भएको छैन । नगरपालिकाले स्रोत साधनको न्यायोचित उपयोगलाई जोड दिंदै अन्य पक्षहरु, नीति क्षेत्र गैसस सामुदायिक संस्थाहरु र नागरिक समस्यालाई समेत साथ लिई नीति, योजना र कार्यक्रम निर्माण तथा कार्यान्वयन गरिनुपर्दछ । स्रोतको प्रभावकारी व्यवस्थापन, निकायगत समन्वय अभिबृद्धि मार्फत बारबर्दियाका नागरिकको आर्थिक तथा सामाजिक विकासलाई गति दिन सकिन्छ ।

स्थानीय सरकारले अंगिकार गरेको नीति तथा कार्यक्रम, आवधिक योजना, बजेट कार्यान्वयनममा सफलतापुर्वक नतिजा हासिल गरि स्थानीय सरकारको विकासमा गुणात्मक प्रतिफल प्राप्त गरि स्थानीय सरकारको अपनत्व गर्न सम्पुर्ण साझेदार गैसस, नागरिक समाज, सरोकारवाला, निर्माण व्यवसाय, जनप्रतिनिधि र राष्ट्रसेवक कर्मचारीहरुलाई हार्दिक अपिल गर्दछु ।

अशोक कोइराला
प्रमुख प्रशासकीय अधिकृत

विषय सूचि

सि.नं.	विवरण	पेज नं.
१.	बारबर्दिया नगरपालिकाको नीति तथा कार्यक्रम २०८०	१-१५
२.	बारबर्दिया नगरपालिकाको आर्थिक ऐन २०८०	१६-३७
३	राजस्व तथा अनुदान प्राप्तीको अनुमान	३८
४.	बारबर्दिया नगरपालिकाको आ.व. २०८०/०८१ को बजेट वक्तव्य	३९-४२
५.	बारबर्दिया नगरपालिकाको विनियोजन ऐन २०८०	४३
६.	बारबर्दिया नगरपालिकाको वार्षिक बजेट तथा कार्यक्रम	४४-८५
७.	प्रधानमन्त्री रोजगार कार्यक्रमका आयोजनाहरु	८६-८८
८.	कार्यगत व्यय अनुमान	८९-९१
९.	लैङ्गीक उत्तरदायी बजेट	९२-९३
१०.	गरिबी न्यूनिकरण बजेट	९४-९५
११.	जलवायु परिवर्तन बजेट	९६
१२.	दिगोविकास लक्ष्य संकेतको आधारमा विनियोजित रकम	९७
१३.	गैरसरकारी संघसंस्थाको प्रस्तावित कार्यक्रम	९८-१०८

बारबर्दिया नगरपालिकाको

नीति तथा कार्यक्रम २०८०

यस बारबर्दिया नगरपालिकाको १३ औं गरिमामय नगरसभाका सभा सदस्य तथा बारबर्दिया नगर पालिकाका उप-प्रमख ज्यू, नगरसभामा उपस्थित नगर सभाका सदस्य ज्यूहरु,

सर्वप्रथम, बारबर्दिया नगरपालिकाको आ.व. २०८०/०८१ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्ने अवसर प्रदान गर्नुहुने नगरवासी प्रति कृतज्ञता व्यक्त गर्न चाहन्छु। यस १३ औं गरिमामय नगर सभामा राजनैतिक परिवर्तनका प्रमुख आन्दोलनका विभिन्न काल खण्डमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। त्यसैगरी नेपालमा भएका राजानीतिक परिर्वतका विभिन्न आन्दोलनहरुमा घाईते हुन भएका योद्धाहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु।

नेपालको संविधान जारी भईसकेपछि मुलुकमा संघीयताको संस्थागत भई यसको अभ्यास हुने क्रममा छ । नेपालको संविधानले परिकल्पना गरेको तीनै तह संघ, प्रदेश र स्थानीय तहको दास्रो पटक आवाधिक निर्वाचन सम्पन्न समेत भईसकेको छ । संविधानले परिकल्पना गरेको समृद्ध नेपाल सुखी नेपालीको सपना साकार गर्नका लागि नागरिकहरुका मौलिक हक लगायत देशको सर्वागिण विकासक लागि आवश्यक पर्ने नीतिगत व्यवस्था र सोको कार्यान्वनका लागि संस्थागत संरचनाहरुको निर्माण हुँदै क्रियाशिल रहेका छन्।

सार्वभौम सत्ता सम्पन्न जनताले निर्वाचित गरेका जनप्रतिनिधिहरुले नेपालको संविधान तथा स्थानीय सरकार संचालन ऐन २०७४ ले व्यवस्था गरेका स्थानीय तहको काम कर्तव्य र अधिकार प्रति पूर्ण रुपमा सजक रही जनताको आर्थिक तथा सामाजिक सवृद्धि हाँसिल गर्ने अभियानमा हामी लागिपरेको छौ । संघीय लोकतान्त्रीक गणतन्त्र नेपालको समग्र विकासका लागि जनप्रतिनिधिको हैसियतमा हाम्रा सम्पूर्ण व्यवहारहरु त्यसतर्फ केन्द्रित रहने छन् ।

अवको हाम्रो गन्तव्य समाजवाद उन्मुख समाजको निर्माण गरी दिगो विकास लक्ष्य हासिल गर्ने र उत्पादनमुखी स्थानीय तहको रुपमा बारबर्दिया नगरपालिकालाई परिचित बनाउन जरुरी छ

सामाजिक साँस्कृतिक विविधिताले भरिपूर्ण, ऐतिहासिक पृष्ठभुमि बोकेको यस नगरपालिकामा थारु समुदायको बाहुल्यता (करिब ७३ प्रतिशत) रहेको छ। यहाँको विविध सामाजिक, सांस्कृतिक विविधतको सम्मान गर्दे उपलब्ध स्रोत र साधनको विवेकपूर्ण परिचालन बाट यस नगरपालिकाको समृद्धि गर्नु हाम्रो प्रमुख उद्देश्य रहेको छ।

बदलिदो परिवेशमा स्थानीय सरकारबाट नागरिकहरुले अपेक्षा गरेका विकास निर्माण, सेवा सुविधा र अधिकारका सवालहरुमा सहजिकरण गर्नका लागि सुचना प्रविधिको उच्चतम प्रयोगबाट सुशासन कायम गर्दे आवश्यक संरचना सहित कार्यमुलक योजना तर्जुमाको आवश्यकता सन्दर्भिक रहेको छ। हाम्रो विद्यमान समस्याहरु विपद्, भुमिहिन, दलित, महिला, एकल महिला, फरक क्षमता भएका, विपन्न परिवार, द्वन्द्व पीडित, कृषक, आदिवासी जनजाति आदि को उत्थानका लागि स्थानीय सरकारले गर्ने कार्यहरु निर्देशत रहने छन् ।

समग्रतामा नगरपालिकाको दिगो विकासका लागि सार्वजनिक, नीजि, सहकारी क्षेत्र र परम्परागत

संगठनको समन्वयात्मक र व्यापक जनसहभागिताका साथ कृषि, पशुपालन, पर्यटन, स्थानीय ज्ञान सीप प्रविधि, प्राकृतिक स्रोत, उद्योग, व्यापारका माध्यमबाट आन्तरिक आय वृद्धि गर्ने योजना रहेको छ। सुरक्षित वस्ती विकासका लागि विकासका पूर्वाधारहरु शिक्षा, स्वास्थ्य, यातायात, खानेपानी, विद्युत, संचार, वित्तिय क्षेत्र, मानव स्रोत व्यवस्थापन आदि क्षेत्रमा सहज पुहँच पुऱ्याउने गरी यस बर्षको नीति तथा कार्यक्रम निर्देशित छन् ।

हाल आर्थिक क्षेत्रमा देखिएका समस्या बाट हामी पनि अछुतो छैनौ । यसर्थ आर्थिक उत्नतिका लागि केन्द्र, प्रदेश, सहयोगी दातृ संस्था, नीजि तथा सहकारी क्षेत्रको व्यापक सहभागितामा वृद्धि गरी उद्यमशिता विकास गर्ने योजनाहरुलाई विशेष प्राथमिकता दिने नीति लिइने छ । यसबाट देखिएको आर्थिक समस्या न्यूनिकरणमा टेवा पुग्ने विश्वास गरेको छु । वस्तुगत र तथ्यगत विश्लेषण गरी यस पालिकाको विभिन्न वडाहरुमा अनुसन्धानमा आधरित संभ्याव्यता अध्ययन गरी उत्पादनमुखी पकेट क्षेत्र निर्धारण गरी सोही अनुरुपका संघन कार्यक्रमहरु संचालन गर्ने योजना यस नीति तथा कार्यक्रममा समेटेका छौ ।

आ. व. २०८०/०८१ को योजना तथा बजेट छनौट गर्न निम्न प्रथमिकता क्षेत्र तोकेका छौ । साथै वडा स्तरबाट योजना तर्जुमा गर्दा समेत देहाय अनुसारका प्राथमिकताका आधारमा योजना तर्जुमा गर्न निर्देश गरेका थियौ ।

१. उद्यमशिलताको विकास गरी दिगो, फराकिलो र उत्पादनमुखी आर्थिक विकासमा योगदान पुऱ्याउने ।
२. विकासका पूर्वाधारहरु शिक्षा, स्वास्थ्य, यातायात, खानेपानी, विद्युत, संचार, सुरक्षित उर्जा, वित्तिय क्षेत्रमा सहज पहुँच ।
३. सहज र छरिटो सेवा प्रवाह, संस्थागत क्षमता अभिवृद्धि, जनसहभागितामा योगदान पुऱ्याउने र अन्तरपालिका सहकारीतामा अभिवृद्धि गर्ने।
४. राजश्व परिचालन र आन्तरिक आयमा उल्लेख्य योगदान पुऱ्याउने ।
५. सामाजिक न्याय, समानता, समावेशिकरण र सुशासनमा योगदान पुऱ्याउने ।
६. स्थानीय ज्ञान, सीप, प्रविधि, स्रोत साधनको विवेकपूर्ण उच्चतम परिचालन गर्ने ।
७. कृषि तथा पशुपालनको वृहत्तर विकास र बजारीकरणका लागि योगदान पुऱ्याउने ।
८. दिगो विकासको सबलिकरण, पर्यावरण संरक्षण, विपद् व्यवस्थापन, जलवायु परिवर्तनका असर न्यूनिकरण ग्रिन नगर क्लिन नगर बनाउने र पूर्ण सरसफाई नगरपालिका घोषणा गर्न आवश्यक कार्यक्रम संचालन गर्ने ।
९. पर्यटन र खेलकुदका माध्यमबाट नगरपालिकालाई पहिचान गर्ने ।
१०. नगरपालिका भित्र देखिएको सामाजिक समस्या जस्तै बालविवाह उन्मुलन गर्ने
११. युवाहरु भविष्यका कर्णधार मात्र होईनन, वर्तमानका साझेदार पनि हुन भन्ने भावना अनुरुप युवाको सर्वागिण विकास गर्ने (लागु पदार्थ दुव्यर्सन न्युनिकरण, क्षमता अभिवृद्धि, खेलकुद, आदि)
१२. नगर प्रशिक्षण केन्द्रको स्थापना गर्ने ।
१३. संस्कृति संरक्षण, प्रर्वद्धन गर्ने, पुरातात्विक स्थानको उत्खनन् र साँस्कृतिक संग्राहलय स्थापना गर्ने ।
१४. लक्षित वर्गको पहिचान व्यवस्थापन तथा उत्थान गर्ने ।

माथी उल्लेखित प्राथमिक क्षेत्रमा अधारित भई बारबर्दिया नगरमा सामाजिक विकास, आर्थिक विकास

र भौतिक पूर्वाधार क्षेत्रको विकास लगायत सबै क्षेत्रको विकासलाई सन्तुलित रुपमा अगाडी बढाउन यस आर्थिक वर्षमा निम्न बमोजिमका नीति तथा कार्यक्रम अवलम्बन गरिने छ ।

१. आर्थिक विकास सम्बन्धि नीति

१.१) कृषि तथा पशुपालन सम्बन्धी नीति :

संघीय सरकारको भु उपयोग नीति अनुसरण गर्दै स्थानीय भू उपयोग योजना निर्माण गरी यसले पहिचान गरेका कृषि उत्पादन जोन, सुपर जोन, पकेट तथा बिशेष क्षेत्रहरु विस्तार गरी विशेष कार्यक्रमहरु सघन रुपमा संचालन गरि निर्वाहमुखि कृषि प्रणालीलाई विस्थापित गर्दै व्यवसायिक कृषि प्रणालीको विकास गर्न कृषकहरुलाई प्रोत्साहित गर्ने कार्यक्रम संचालन गरिनेछ ।

- दुध र दुधजन्य उत्पादनको वृद्धि, प्रशोधन र बजारिकरणलाई प्रोत्साहन गरिनेछ । पशुपालन गर्ने कृषकहरुलाई नश्ल सुधार, पशु तथा कृषि विमा, भकारो सुधार, पशु स्वास्थ्य सेवामा विस्तार गरीनेछ ।
- पशुपालक कृषकलाई आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउनुका साथै घाँस उत्पादनका लागि पकेट क्षेत्रहरु विकास गरिनेछ ।
- कृषि उत्पादन पकेट क्षेत्र निर्धारण गरी उत्पादनमा वृद्धि गर्न सघन कार्यक्रम संचालन गर्ने ।
- बगर खेती र बाँझो जमिनको उपयोग गरी उत्पादमा प्रयोग गर्न अनुदानको व्यवस्था मार्फत कृषकलाई प्रोत्साहित गर्ने ।
- कृषि उपज संकलन केन्द्र/खाद्य गोदामको स्थापना गर्ने ।
- कृषी उपज विउ विजन संरक्षणका लागि चिस्यान केन्द्रको स्थापना गर्ने ।
- आधुनिक तथा व्यवसायिक प्रणालीबाट सामुहिक खेति गर्न सहकारी क्षेत्रलाई प्रोत्साहित गर्न अनुदान दिने ।
- व्यवसायिक खेतीमा वृद्धि गर्दे स्थानीय रैथाने प्रजातिका बालीहरुको संरक्षण गर्ने ।
- मागमा आधारित प्रयोगात्मक कृषि तालिम प्रदान गर्ने ।
- कम्तिमा १० विगाहा क्षेत्रममा कृषि सिकाई केन्द्र स्थापना गर्ने ।
- कृषि क्षेत्रका दक्ष जनशक्ति उत्पादन गर्न उच्च शिक्षा हासिल गर्नेलाई प्रोत्साहन गरिनेछ
- कम्पोष्ट मल, गड्यौला मल उत्पादनका लागि प्रविधि भित्राउने । वेस्ट डिकम्पोजर प्रयोगका लागि कृषकलाई सहयोग गर्ने ।
- उत्पादन साथमा अनुदान हातमा कार्यक्रम संचालन गरी नगदे बाली खेती गर्न कृषकलाई प्रोत्साहान गर्ने कार्यक्रम संचालन गरिनेछ ।
- कृषि उत्पादकत्व वृद्धिका लागि माटो परिक्षण र बाली उपचार शिविर संचालन गरिनेछ
- निजि, सहकारी क्षेत्र संगको साझेदारीमा कृषि उपजको संकलन, प्रशोधन गर्ने कार्यक्रम संचालन गरिनेछ । साथै उक्त कार्यक्रमलाई संस्थागत गर्न कृषि कम्पनी स्थापना गर्ने तर्फ पहल गरिनेछ ।
- किसानसंग मेयर कार्यक्रमलाई निरन्तरता दिईनेछ । (कृषि र पशुमा आधारित साना किसान तथा युवा उद्यमशिलता कार्यक्रम)
- कृषकलाई समयमा उन्नत विउ विजन, मलखाद उपलब्ध गराउने प्रत्याभुति गर्नका लागि कृषक कार्ड जारी गरिनेछ ।

- वारवर्दिया नगरपालिकामा आलु मिसन कार्यक्रम सन्चालन गरी अत्मनिर्भर वनाईनेछ ।
- सहकारीलाई प्रोत्साहन गरिनेछ । सामुहिक तथा सहकारीबाट व्यवसयिक कृषि उत्पादन गर्ने समूहहरुलाई बिषेश अनुदानको व्यवस्था गरिनेछ ।
- कृषि तथा पशुपंक्षिजन्य उत्पादनमा व्यावसायीकरण, विविधीकरण बजारीकरण र आधुनि(कीकरण गर्दै खाद्य सुरक्षाको स्थिति मजबुत बनाई थप रोजगारीका अवसरहरु सिर्जना गरिने छ । नगरलाई कृषि तथा पशुपंक्षीजन्य उत्पादनमा आत्मनिर्भर बनाउन जोड दिइने छ ।
- कृषि क्षेत्रलाई प्रतिस्पधी र उत्पादनमुखी बनाउन सिंचाई, कृषि सडक, ग्रामिण विद्युतिकरण, हाटबजार, थोक बजार, कृषि उपज संकलन केन्द्र, प्रशोधन केन्द्रजस्ता पूर्वाधारहरुको निर्माण तथा संवर्द्धन गर्ने नीति लिईने छ ।
- उर्बर कृषियोग्य जमिनलाई गैरकृषि प्रयोगमा ल्याउन निरुत्साहित गरिने छ । साना सिचांई, डिप बोरिगं, स्यालो ट्युववेलको माध्यमबाट प्रभावकारी सिंचाई व्यवस्था संघिय सरकार र प्रदेश सरकारको सहयोग र समन्वयमा मिलाईने छ ।
- कृषक पाठशालाको अवधारणालाई अगाडि बढाउने नीति अबलम्बन गर्नँका साथै तरकारी फलफुल तथा दुग्ध उत्पादनको आधारमा अनुदान नीति लिईनेछ ।
- नगरपालिकामा उत्पादन हुने दुधको बजारीकरणका लागी दुध चिस्यान केन्द्रमा दुग्ध संकलन केन्द्रलाई व्यवस्थित रुपमा संचालन गर्न प्रोत्साहन गरिने छ ।
- पशु आहाराको व्यवस्थापन गर्न सामुदायिक वनमा घाँस विकास कार्यक्रम संचालन गरिने छ ।
- नगरमा स्थानीय कुखुरा पालन कार्यक्रम प्रवर्द्धन गरिने छ ।
- पशु विकास सँग सम्बन्धीत सहकारीहरुलाई उन्नत पशुपालन तर्फ उन्मुख हुन सहयोग गरिनेछ । नगरमा स्वच्छ, व्यवस्थित मासु पसल सुधार एवंम व्यवस्थापन गर्न सहयोग गरिने छ । नगर क्षेत्र भित्र पालन गरिएका पशुहरुमा नश्ल सुधार गर्न कृत्रिम गर्भाधान तथा प्राकृतिक गर्भाधान कार्यक्रम विस्तार गरिने छ ।
- स्वच्छ तथा स्वस्थकर पशुजन्य पदार्थ उत्पादनमा जोड दिन पशुपंक्षिको गोठ, खोर सुधार गर्न जोड दिईनेछ ।
- नगरपालिकाको कार्यक्षेत्रभित्र रहेको सहकारीहरुलाई समय सापेक्ष सहकारीका पदाधिकारी र सदस्य र व्यवस्थापकलाई क्षमता विकास तथा COPOMIS को तालिम संचालन गरी क्षमता अभिवृद्धि र अभिलेखिकरण गरिनेछ ।
- खुला र छाडा चौपायाहरुको व्यवस्थापनका लागि TAG लगाई व्यवस्थित गरिने र सामुदायिक गौ शाला निर्माण गरी सवारी दुर्घटना न्यूनिकरण तथा बाली नालीको सुरक्षाको व्यवस्था गरिनेछ ।
- कृषी यान्त्रीकरण कार्यक्रमलाई निरन्तरता प्रदान गरिनेछ ।
- वडा सुहाउदो एक वडा एक उत्पादनका लागि विशिष्टकृत योजना निर्माण गरिने छ ।
- पुष्प खेती जोन बनाई यसको प्रर्वद्धनका लागि कार्य गरिनेछ ।
- बारबर्दिया नगरपालिकाको १५ बर्षे कृषि रणनीतिक योजना तयार गरिनेछ ।

१.२) उद्यमशिलता विकास सम्बन्धी नीति :

- विद्यालयमा अध्ययनरत विद्यार्थीहरुमा उद्यमशिलता विकासका लागि पढ्दै कमाउँदै कार्यक्रम लागु गरिनेछ । विद्यालय तहका विद्यार्थीहरुकालाई वित्तिय साक्षरता संचालन गरिनेछ ।
- बेरोजगार परीवारका सदस्यहरुलाई सीपमुलक तालिम प्रदान गरि उद्यम गर्नका लागि प्रोत्साहित गरिनेछ । यसका लागि प्रधानमन्त्री रोजगार कार्यक्रमलाई यस कार्यक्रमसंग टाईअफ गरिनेछ ।

- उद्यम गर्नेहरुलाई नगरपालिकाबाट सहज रुपमा घरदैलौ प्राविधिक सेवा प्रदान गर्ने व्यवस्था मिलाईनेछ ।
- उद्यम गर्ने यसहरुका लागि वित्तिय साक्षरता तालिम प्रदान गर्नुका साथै र व्यवसायीक योजना निर्माण गर्नका लागि प्राविधिक सहयाता उपलब्ध गराईनेछ ।
- लघुउद्यम विकास कार्यक्रमलाई निरन्तरता प्रदान गरिनेछ ।
- उद्यमीहरुलाई वित्तिय पहुँचका लागि अभिमुखिकरण कार्यक्रम संचालन गर्नुका साथै सहज वित्तिय पहुँचका लागि सहजिकरण गर्ने कार्यक्रम संचालन गरिनेछ ।
- घरेलु तथा साना उद्यमीहरुको उत्पादित बस्तुलाई बजारीकरण गर्नका लागि संकलन केन्द्र स्थापनाका लागि सहकारी तथा निजि क्षेत्रलाई प्रोत्साहान गर्ने कार्यक्रम संचालन गरिनेछ ।
- नगरपालिकाभित्र आउने अतिथिहरुलाई स्वागत गर्दा स्थानीय उत्पादन बाट स्वागत गर्ने कार्यलाई प्रत्साहान गरिनेछ ।
- सेनेटरी प्याट, डाइपर, अचार, गुन्द्रुक, हस्तकला आदि उत्पादन र बजारीकरणका लागि कार्यक्रम संचालन गरिनेछ ।
- नरपालिकामा व्यापार व्यवसाय विस्तारका लागि उद्यम विकास कोषको स्थापना गरिनेछ

२. पूर्वाधार विकास सम्बन्धी नीति :

शहरी विकास मन्त्रालयसंगको सहकार्यमा यसै आर्थिक बर्षमा बारबर्दिया नगरपालिकाको नगर गुरुयोजना तर्जुमा गरी नगरको अल्पकालिन, मध्यमकालिन तथा दीर्घकालिन विकास लक्ष्यहरु निर्धारण नगरगुरु योजना तयार भई गुरुयोजनाको आधारमा योजनाहरुको प्राथामिकताक्रम निर्धारण गरेर यस बर्ष देखि नै योजनाबद्ध ढंगले विकासका कार्यहरु संचालन गर्ने छौं ।

बारबर्दिया नगरपालिकामा नगर गौरवका ७ वटा ठुला योजना तथा सडकहरुलाई क्रमश स्तरोन्नती हुदै कालोपत्रे तर्फ उन्मुख छन् । आ.व. २०७९ र ८० मा संचालित योजनाहरुमा बार्षिक रुपमा निरन्तर निर्माणधिन अवस्थामा छन् । नगरपालिकाको प्रशासकीय भवन निर्माण कार्य सम्पन्न भई सकेकोले आगामि आर्थिक बर्ष देखि उक्त भवनबाट सेवा प्रवाह गरिनेछ । क्रमागतरुपमा नगर बहुउद्देश्यीय कर्भड हल आगामी आ.व. २०८०/८१ मा सम्पन्न गरिनेछ ।

सेवा प्रवाहमा नभइ नहुने वडा कार्यालय भवन र स्वास्थ्य चौकी भवन निर्माणकार्यलाई यस वर्ष पनि निरन्तरता दिएका छौ । आगामी ४ वर्ष भित्रमा सवै स्वास्थ्य चौकी भवन र वडा कार्यालय भवन निर्माण सम्पन्न गरी सेवा प्रवाहलाई चुस्त दुरुस्त राखी नागरिकको सेवा प्रवाहमा सहजता ल्याइनेछ ।

पूर्व सैनिक, राष्ट्रसेवक कर्मचारीहरुको ज्ञान, सीपलाई सम्पत्तिको रुपमा लिँदै बारबर्दिया नगर पालिकाको विकासको मुल प्रवाहमा साझेदारी गर्ने नीति अवलम्बन गरिनेछ ।

२.१) यातायात व्यवस्था सम्बन्धि नीति

यस नगरपालिकाका लागि यातायतको भरपर्दो र सहज माध्यम सडक नै हो । यातायात विकासको मेरुदण्ड भएकाले यस वर्ष पनि सडक निर्माण कार्यलाई प्राथमिकता दिईनेछ । यसका लागि:

- बारबर्दिया नगरपालिका भित्र १ देखि ११ वटै वडाहरुमा काठका पुलबाट आवतजावत भइरहेको अवस्था छ । त्यसैले अबको ४ वर्ष भित्र सम्पूर्ण काठका पुलहरुलाई विस्थापित गर्ने लक्ष्य लिएका छौ ।

- प्रदेश सदरमुकाम सम्मा सिधा बस यातायात सेवा सुचारु गर्नका लागि यातायात व्यवसायीसंग समन्वय गरिनेछ। यसले प्रदेश सदरमुकाम सम्म सहज यातायातको पहुँच हुनेछ।
- बारबर्दियाका प्रवेश हुने सडक नाकाहरुमा ट्राफिक व्यवस्थापनका लागि कन्ट्रोल र सुरक्षित यातायातको अवधारणा अगाडी सारिने छ। मुख्य सडकहरुमा बत्ति जडान र सि.सि.टि.भी. क्यामरा जडान गर्ने योजना रहेको छ।
- खैरेनी जोड्ने, ढकेला र थुम्नी जोड्ने, थुम्नी र खैरेनी जोड्ने झोलुङ्गे पुल निर्माण कार्य अगाडी बढाईने छ। बारबर्दिया नगरपालिका वडा नं २ को कुमरा घाट र मधुवन नगरपालिका ४ जोड्ने झोलुङ्गे पुल, बारबर्दिया १ र ठाकुरबाबा नगरपालिका जोडने चन्दनपुर घाटमा झुलुंगे पुल निर्माणको प्रक्रिया अगाडी बढाईने छ।
- वातावरणीय प्रभाव मूल्याङ्कन र अध्ययन (EIA/ IEE) गर्ने कार्यलाई जोड दिइनेछ।
- पूर्वाधार निर्माणका क्षेत्रमा जनपरिचालन र जनसहभागितामा आधारित कार्यक्रमलाई प्राथमिकताका साथ संञ्चालन गरिनेछ।
- नगरपालिका क्षेत्रमा ६ मि भन्दा कम चौडाईका सडकमा लगानी नगर्ने र हाल थप विस्तारित सडकहरुमा न्यूनतम ६ मि सडक कायम गरिनेछ।
- नगर यातायात गुरु योजना तयार गर्ने तथा सो को आधारमा नगरस्तरीय गौरवका सडकहरुको स्तरोन्नती कार्य सम्पन्न गरी संघीय र प्रदेश सरकारको समेत लागत साझेदारीमा नगरका गौरवका सडकहरु कालोपत्रे गर्ने कार्य निरन्तर अघि बढाइनेछ।
- बृहत्तर बारबर्दिया चक्रपथको अवधारणा कार्यान्वयन गर्न सम्भाव्यता अध्ययन गरिनेछ
- संघीय तथा प्रदेश सरकारसँगको सहकार्यमा विभिन्न पक्की पुलहरु निर्माण गरिनेछ। संघीय सरकार र नगरपालिकाको संयुक्त साझेदारीमा सञ्चालित योजनाहरुलाई समयमा नै सम्पन्न गर्न सम्बन्धित सरोकारवालाहरु सँग समन्वय गरिने छ।

२.२) खानेपानी, सरसफाई तथा ढल व्यवस्थापन

- हरेक विद्यालयमा, कार्यालयमा शुद्ध पिउने पानीको व्यवस्था गर्नका लागि आगामी ४ बर्ष भित्रमा फिल्टरको व्यवस्था गरिनेछ। बारबर्दिया नगरपालिकाभित्रका हरेक कार्यालयमा सेवा लिन आउने हरुका लागिसमेत शुद्ध पिउने पानीको व्यवस्था मिलाईनेछ
- हरेक गाउँ टोलमा पानी परीक्षण गर्ने व्यवस्था मिलाईने छ।
- पानीको महत्व, शुद्धिकरण विधि, पानीको कारणले सर्ने रोगहरु र बच्ने उपायको बारेमा बरघरहरुलाई अभिमुखिकरण गरी हरेक गाउँ टोलमा यसको बारेमा सचेतना फैलाउने तालिमको व्यवस्था गरेका छौ।
- बस्ती क्षेत्रमा सडक निर्माण गर्दा अनिवार्य रुपमा ढल निकासको व्यवस्था गर्ने नीति अवलम्बन गरिनेछ।
- सबै नगरवासीहरुलाई स्वच्छ खानेपानी उपलब्ध गराउन संघ, प्रदेश सरकारसंग गरिनेछ। नगर क्षेत्रमा सरसफाई सम्बन्धी चेतना अभिवृद्धि गर्ने तथा सफाई अभियानहरु संचालन गरिनेछ।
- खानेपानीमा आर्सेनिक तथा कोलिफर्म लगायतका पानीको सुद्धिकरण सम्बन्धी परीक्षणको व्यवस्था गरी नागरिकलाई शुद्ध पीउने पानीको शुद्धिकरणको व्यवस्था मिलाइनेछ।
- नगरको खानेपानी सरसफाई तथा स्वच्छता, योजनालाई कार्यन्वयन गर्न पुर्ण सरसफाई युक्त घर, टोल,गाँउ, वडा हुदै नगर घोषणा गर्ने कार्यलाई यस वर्ष पनि निरन्तरता दिई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ।

२.३) विद्युत र सुचना तथा संचार

- नगरपालिकाका हरेक बस्तीमा प्रयप्त भोल्टज सहित विद्युत सुविधा नियमित विस्तार गरिनेछ ।
- विद्युत सम्बन्धी सामान्य मर्मत संभारका कार्यलाई नगरपालिकाबाट गर्ने व्यवस्था मिलाईनेछ ।
- कम भोल्टेज पुग्ने बस्तीहरुमा थप ट्रान्समिटरका लागि विद्युत प्राविकरणसंग पहल गरिनेछ ।
- हरेक बस्तीमा इन्टरनेट सुविधा पुऱ्याउन इन्टरनेट सेवा प्रदायक संग समन्वय गरिनेछ
- समुदाय स्तरमा WIFI Free Zone क्षेत्रहरु तयार गरी नगरवासीलाई सूचना प्रविधिको पहुँच पुऱ्याउन पहल गरिनेछ ।
- नगरपालिका भित्र सामुदायिक रेडियो स्थापनामा सहजिकरण गरिने छ ।
- बजार क्षेत्रमा हाइ मस्ट लाईट, र बस्तीमा पोल लाईटको व्यवस्था गरी उज्यालो बारबर्दिया कार्यक्रम संचालन संचालन गरिनेछ ।
- नगरपालिकाको हरेक घरमा बैकल्पिक सौर्य उर्जाका माध्यमबाट बत्तिको सुविधा पुऱ्याउने उद्देश्यका साथ सौर्य उर्जाको प्रयोगबाट १ मेगावाट विद्युत उत्पादनको सम्भाव्यता अध्ययन गर्ने कार्यलाई अगाडी बढाईने छ ।

२.४) सिंचाई तथा नदी नियन्त्रण

- बारबर्दिया नगरपालिकाभिका बाढी, कटान र डुबानको उच्च जोखिममा रहेकोले संघीय र प्रदेश सर कारसँगको सहकार्यमा तटबन्धन कार्यलाई निरन्तरतना दिई बारबर्दियाको बस्तीलाई सुरक्षित बनाइनेछ ।
- बुढिखोला, राजखोला, पथरैया, भादा खोला कोरिडोर आयोजनाको संम्भाव्यता अध्ययन र कार्यान्वयन गरिनेछ ।
- राष्ट्रिय गौरबको आयोजना बबई सिंचाइ तथा अन्य सरोकारवालाहरुसँगको सहकार्यमा बारबर्दिया भित्रका सिंचाई प्रणालीलाई व्यबस्थित बनाउने कार्यलाई निरन्तरता दिइनेछ
- सिंचाईका लागि सौर्य उर्जा बाट चल्ने सिचाई मोटर जडानका लागि पहल गरिनेछ ।
- भुमिगत सिंचाई आयोजना संचालनका लागि संघीय र प्रदेश सरकारसंग पहल गरिनेछ
- थोपा सिंचाई प्रर्वद्धन कार्यक्रम संचालन गरिनेछ ।

२.५) व्यवस्थित बसोवास तथा भवन निर्माणः

- समुदायका घरहरु भुकम्प प्रतिरोधी बनाइ सुरक्षित आवास सुरक्षित शहर निर्माण गर्ने उद्देश्यले नगरपालिकाले आगामी समयमा घर बनाउने डकर्मीहरुलाई तालिम उपलब्ध गराइ कम जोखिम घर निर्माण गर्न घर नक्सा मापदण्ड कडाइका साथ लागु गरिनेछ र अनलाईन घरनक्सा प्रणालीको विकास गरिनेछ ।
- निर्माण भईसकेका घरहरुको घरनक्सा अभिलेखिकरण गर्ने प्रक्रियालाई सहज बनाईने छ
- छरिएर जोखिम स्थानमा रहेका समुदायका घरहरु सुरक्षित स्थानमा सार्नुपर्ने र विपन्न एवम लोपोन्मुख समुदायका व्यक्ति परिवार छनौट गरी एकिकृत वस्ती विकासको नीति लिइनेछ ।
- नगर भू–उपयोग योजानाले तोकेका स्थानहरुमा भवन निर्माण संहिताले निर्धारण गरेको मापदण्ड अनुसार व्यवस्थित सुन्दर र सुविधा सम्पन्न बस्ती निर्माण शुरु गरिनेछ । यस नगर पालिकाभित्र अब निर्माण गरिने सम्पूर्ण सरकारी तथा सार्वजनिक भवनहरु भवन निर्माण संहिताको अधिनमा रही अपांगमैत्री, भूकम्प प्रतिरोधात्मक बनाइनेछ ।
- सुरक्षित घर निर्माणका लागि नक्शा पास गरेर मात्र घर निर्माण गर्न चेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।

३. सामाजिक विकास सम्बन्धी नीति :

३.१) संस्कृति तथा पर्यटन :

- ऐतिहासिक, सांस्कृतिक, धार्मिक सम्पदाहरुको संरक्षण गरी पर्यटन प्रवर्द्धन गरिनेछ ।
- बर्दिया राष्ट्रिय निकुञ्जलाई विश्व सम्पादा सूचिमा सूचिकृत गर्नका लागि पहल गरिनेछ । यस बाट विश्व माझ समग्र बर्दियाको पहिचान हुनेछ र पर्यटन प्रर्वद्धनमा टेवा समेत पुग्ने छ ।
- पर्यटन प्रर्वद्धनका लागि पत्रकारहरुसंग समन्वय गरिने छ । बारबर्दियामा पर्यटन सुचना केन्द्र स्थापनाका लागि दातृ निकाय संग सहकार्य गरिनेछ ।
- थारु समुदायको स्थानीय ज्ञान, सिप, कला, संस्कृती र सभ्यता झल्कने जिवन्त संग्राहलय स्थापनाका लागि पहल गरिनेछ ।
- बारबर्दिया नगरपालिकालाई पर्यापर्यटन, संस्कृति पर्यटन संगै अर्गानिक कृषि पर्यटनको विकास गर्न आवश्यक कार्य गरिनेछ ।
- बारबर्दिया नगरपालिका बाट बर्दिया राष्ट्रिय निकुञ्जको प्रवेशद्वार, बन्यजन्तु उद्दार केन्द्र र सफारी को प्रर्वद्धन गर्ने ।
- बारबर्दिया नगरपालिका भित्र रहेका सिमसार क्षेत्रहरु सतखलुवा ताल, रानी जरुवा पार्क, बनगाई चोकको ताल संरक्षण र विकास गर्न कार्य अगाडी बढाईनेछ ।
- यस नगर क्षेत्रभित्र रमणीय चुरेका काख आसपास गुणस्तरीय एवं Organic होटल (रैथाने बाली) तथा रिसोर्ट निर्माणको लागि नीजि लगानीकर्ताहरुलाई प्रोत्साहन गरिनेछ।
- बारबर्दिया थारु मरुवालाई व्यवस्थित गरिनेछ । होमस्टे लगायत अन्य क्षेत्रमा थारु होमस्टे संचालन गर्न प्रोत्साहन गरिनेछ । होम स्टेको विकास तथा प्रभावकारी रुपमा संचालनका लागि होमस्टेका संचालकहरुको क्षमता अभिवृद्धि गरिनेछ ।
- रम्मापुर शहिद पार्क बेलभार शान्ति पार्क र कुम्भर अड्डा शहिद वेपत्ता पार्क, रानीजरुवा शहिदपार्क, शिव मन्दिर पार्क निर्माण तथा व्यवस्थापन गरि पर्यटन प्रवर्द्धन गरिनेछ ।

३.२) शिक्षा विकास

- गुणस्तरीय शिक्षा प्रदान गर्न शिक्षा क्षेत्रमा सुधारको अभियानलाई निरन्तरता दिइनेछ । प्रारम्भिक बाल विकास तथा शिक्षा कार्यक्रमलाई सुदृढ गर्दै अनिवार्य तथा निःशुल्क आधारभूत तहको शिक्षालाई सुनिश्चित गरिनेछ ।
- माध्यमिक तहको शिक्षाको पहुँचमा अभिवृद्धि गर्दै गुणस्तर सुधारमा जोड दिइनेछ ।
- विद्यालय शिक्षामा सूचना प्रविधिको प्रयोगलाई बढाउँदै लगिनेछ ।
- प्राविधिक धार तर्फको शिक्षा विकास तथा विज्ञान विषयमा दस जोड दुईका कक्षा सञ्चालनमा जोड दिइनेछ । प्राविधिक धार भएका विद्यालयका कक्षा ९, १०, ११ र १२ का छात्रछात्राहरुलाई उद्यमशील बनाई रोजगार सिर्जना तर्फ उन्मुख गराइनेछ । छात्रछात्राहरुलाई पढदै, कमाउदै, रमाउदै को नीति अवलम्बन गरिनेछ ।
- सामुदायिक विद्यालयहरुको विद्याथी संख्या, शैक्षिक गुणस्तर तथा भौगोलिक आवश्कता अनुसार एक आपसमा मर्ज गर्ने तथा सामुदायिक विद्यालयहरुमा विद्यार्थी संख्या र भौगालिक अवस्थाको आधारमा विद्यालय समायोजन, एकिकरण र कक्षा थप्ने र घटाउने कार्य अगाडी बढाईनेछ ।
- टुहुरा, असहाय बालबालिकाहरुको संरक्षण केन्द्रमा राखि उनीहरुको पालनपोषण र शिक्षाको उचित व्यवस्था मिलाइनेछ । त्यस्ता बालबालिकाहरुको उच्च शिक्षामा सहयोग तथा रोजगार

सिर्जनामा पहल गरिनेछ ।

- उच्च शिक्षाको पहुँचलाई सहज बनाउन नगर भित्र सञ्चालित क्याम्पसहरुको विकासका लागि आवश्यक व्यवस्था मिलाउने ।
- शहिद विष्णुधनि बहुप्राविधिक शिक्षालयमा हाल सञ्चालनमा रहेको वन विज्ञान संकायका अतिरिक्त थप पाँचवटा प्राविधिक संकायको सम्बन्धन प्राप्त गरि यसै वर्ष देखि सञ्चालनमा ल्याइनेछ ।
- बारबर्दियाका विद्यालयमामा इ पुस्तकालय स्थापना गर्ने कार्यको शुरुवात गरिनेछ ।
- हरेक विद्यालयमा बाल उद्यान को व्यवस्था मिलाउने विद्यालयलाई उत्प्रेरित गरिनेछ ।
- लामो समय सुत्केरी बिदामा बस्ने शिक्षकको बिदा अवधीभर शिक्षक निरन्तरताका लागि सट्टा शिक्षकको व्यवस्थालाई निरन्तरता दिईनेछ ।
- विद्यालयको नियमित सुपरिवेक्षण गरी सिकाई सहजिकरणमा सहयोग गर्ने व्यवस्था मिलाईनेछ ।
- विषयगत रुपमा डिजिटल शैक्षिक सामग्री निर्माण गर्ने व्यवस्था मिलाईनेछ ।
- गरिव तथा जेहनदार विद्यार्थीहरुलाई छात्रावृद्धि निरन्तरता गरिनेछ ।

३.३) युवा तथा खेलकुद

- रोजगारी सृजना गर्नका लागि युवा उद्यमी तथा व्यवसायीहरुलाई प्रोत्साहन गरिनेछ । युवाहरुलाई पुनर्बल बढाउने सकरात्मक सोच सम्बन्धी तालिम सञ्चालन गरिनेछ । युवाहरुमा रहेको प्रतिभा प्रस्फुटन गर्ने अवसरको सिर्जना गरिनेछ ।
- खेलप्रति रुचि बढाउन नगर कप, मेयर कप राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता खेलकुद कार्यक्रमहरु सञ्चालन गर्दै उत्कृष्ट खेलाडीहरुलाई प्रोत्साहन गरिनेछ । खेलकुद प्रवर्द्धनका लागि नगरमा बहुउद्देशिय नगर कभर्ड हल यस आ.व. मा सम्पन्न गर्ने कार्य गरिनेछ ।
- पेन केक सिलात, करातेलाई व्यवस्थित गर्ने गरि प्रतियोगिता आयोजना गरिनेछ ।
- वडा खेलकुद क्लब गठन तथा नमूना युवा संसद अभ्यास कार्यक्रम संचालनको व्यवस्था मिलाइनेछ
- युवा स्वरोजगार कार्यक्रमहरु संचालन गरिनेछ । यस नगरभित्र युवा तथा विद्यार्थीहरुलाई लक्षित गरी मेयर कप फुटवल लगायत वडास्तरीय तथा नगरस्तरीय खेलहरु आयोजना गरिनेछ । खेलकुद तथा स्काउट कार्यक्रम आयोजना गरी युवालक्षित कार्यक्रमहरु संचालन गरिनेछ
- युवाहरुलाई लागु पदार्थ दुर्व्यसनबाट बच्नका लागि तालिम संचालन गरिनेछ ।
- नगरस्तरीय फुटबल प्रतियोगिता संचालन गरि खेलाडी छनौट गर्ने कार्यलाई निरन्रता दिईनेछ ।

३.४) स्वास्थ्य सेवा

- हाल सञ्चालनमा रहेको नगर अस्पतालमा सुविधा सम्पन्न र सर्वसुलभ चौबिसै घण्टा उपचार सेवालाई व्यवस्थित गरी निरन्तरता दिईनेछ ।
- नगर अस्पतालमा ९८ वटा पुर्ण निशुल्क औषधी उपलब्ध गराउन प्रयाप्त बजेट विनियोजन गरी सम्पुर्ण नागरिकको स्वास्थ्यमा पहुँच सुनिश्चित गरिनेछ । यस नगरभित्र रहेका एम्बुलेन्स सेवालाई चौबिसै घण्टा सञ्चालन हुने गरी तयारी हालतमा राख्न आवश्यक व्यवस्था मिलाईएको छ । साथै नगरपालिका भित्रका सवै स्वास्थ्य चौकी र आधारभूत स्वास्थ्य केन्द्रमा प्राथमिक उपचार सेवाका लागि अति आवश्यक सामग्री र औषधीको प्रयाप्त उपलब्ध हुने व्यवस्था मिलाउने ।
- सिकलसेल एनेमिया अस्पतालाई यस बर्षदेखि संचालनमा ल्याई सिकलसेल र थालेसेमिया

रोगको निशुल्क उपचारको व्यवस्था गरिनेछ । सिकलसेल एनिमिया र थालेसेमिका विरामीह(रुको लागि निशुल्क स्वास्थ्य विमा प्रदान गरिने छ ।

- समुदायिक विद्यालयहरुमा वास सुविधा सहित छात्रामैत्री शौचालय निर्माण गरिनेछ ।
- सामुदायिक विद्यालयमा स्वास्थ्य शिविर संचालन गर्ने कार्यको शुरुवात गरिनेछ ।
- स्वास्थ पोटोगल अनुसार चेक जांच गर्ने आमाहरुलाइ प्रोत्साहन गरिनेछ ।
- संविधान प्रदत्त स्वास्थ्य सम्वन्धी मौलिक हकको कार्यान्वयनका लागि नगर क्षेत्रभित्र रहेका सवै स्वास्थ्य संस्थाहरुको सवलीकरण, क्षमता अभिवृद्धि तथा स्तरोउन्नति गर्ने नीति लिइनेछ ।
- नगरपालिकामा सिकल सेल उपचार केन्द्रको निर्माण कार्य यथासक्य छिटो कार्य सम्पन्न गर्न लगाइ यसै वर्ष देखि सिकल सेलको परीक्षण तथा उपचारको व्यवस्था मिलाइनेछ । नगर पालिका, बन उपभोक्ता समुह, स्थानीय समुदाय र संघीय तथा प्रदेश सरकारको सहकार्यमा सर्पदंश अस्पताल निर्माण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ ।
- सङ्घीय सरकारको स्वास्थ्य विमा सम्बन्धी कार्यक्रम अर्न्तगत सबै नगरवासीको स्वास्थ्य विमा गराउन चेतनामुलक कार्यक्रम संचालन गरिनेछ । सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाको कामलाई थप जिम्मेवार र उत्तरदायी बनाइनेछ
- बडघर, गुरुवा,वैदवा, सुडेनी र धामी झाक्रीहरुलाई स्वास्थ्य सम्बन्धी सचेतना कार्यक्रम संचालन गरिनेछ ।
- आमा सुरक्षा कार्यक्रम अर्न्तगत यस नगर भित्रका प्रशुति गृहमा प्रशुति सेवा लाई प्रभावकारी बनाउन सुत्केरी सेवाको लागि एम्बुलेन्स सेवालाई सर्वशुलभ पहुँच गराउने कार्यलाई प्राथामिकतामा राखि अगाडी बढाइने छ ।
- महिला स्वास्थ्य स्वयंसेविका स्वास्थ्यको तल्लो इकाई भएको, समुदायसँग प्रत्यक्ष जोडिएको, विशेष गरी आमा र बच्चाको स्वास्थ्य सुधारमा खटिने भएको हुँदा निजहरुको सेवाको उच्च मूल्याङ्कन गर्दै प्रोत्साहन स्वरुप आवश्यक रकमको व्यवस्थापन गरिनेछ । आयुर्वेद सेवालाई विस्तार गर्दै समुदायमा आयुर्वेद सेवाको जनचेतना फैलाई स्वस्थ जिवन जीउने पद्धतिको विकास गर्न बजेट विनियोजन गरिनेछ ।
- आयुर्वेद औषधालयमा पञ्चकर्म सेवा यसै आ.व. देखि प्रारम्भ गरिनेछ । स्वास्थ्य प्रयोगशाला सेवालाई नगर भित्रका सबै स्वास्थ्य संस्थामा विस्तार गरि गुणस्तरिय सेवा प्रदान गरिनेछ ।
- नगरभित्रका नगरवासीलाई पोषणको स्थीतिमा सुधार ल्याउन जनचेतनाको माध्यमबाट खानामा विविधिकरण ल्याई पोषण स्थितिमा सुधार, स्वास्थ्य जनशक्ति विकासको आधार भन्ने मुलनारा सहित अभियान सञ्चालन गरिनेछ ।
- नगरभित्रका सम्पूर्ण बालबालिकालाई उमेर अनुसारको सबै खोपको मात्रा पुऱ्याई पूर्ण खोपयुक्त नगरपालिका घोषणा गरिनेछ ।
- सुत्केरी लागि एम्बुलेन्स सेवा निशुल्क गर्ने कार्यक्रमलाई निरन्तरता प्रदान गरिनेछ ।
- आर. सी. मेमोरियल अस्पतालमा मृगौला रोग उपाचार (डायलासिस केन्द्र), स्थापनाका लागि पहल गरिनेछ ।

३.५ महिला सशक्तिकरण

- एकल महिला, बेरोजगार महिला तथा अति पिछडिएका र बिपन्न महिलाहरुको लागि स्वरो जगारमूलक तालिमको व्यवस्था गरिनेछ ।
- सबै प्रकारका घरेलु हिंसा न्युनिकरण गरिनेछ । लैंगिक हिंसा अभियान वर्ष मनाउनको लागि

आवश्यक वजेटको व्यवस्था गरिने छ ।

- महिला शशक्तिकरण तथा क्षमता अभिवृद्धि कार्यक्रम संचालन गरिनेछ । लैङ्गिक तथा अल्प सङ्ख्यकहरुको जीविकोपार्जनका लागि सिपमुलक तालिमहरु संचालन गरिनेछ ।
- नगर स्तरीय महिला संजालको क्षमता विकासका कार्यक्रमलाई निरन्तरता प्रदान गरिने छ ।
- गर्भवती तथा सुत्केरी महिला र जेष्ठ नागरिकहरुका लागि पोषण सेवाका लागि संघ संस्था संग सहकार्य गरी कार्यक्रम अगाडी बढाईनेछ ।
- किशोर किशोरीहरु तथा बाल क्लवलाई कानुनी शिक्षा प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।
- न्यायका लागि उपमेयर कार्यक्रम संचालन गरीने छ ।

३.६. वन, वातावरण जलाधार तथा विपद् व्यवस्थापन

- विपद व्यवस्थापन कोषमा प्रयाप्त रकम विनियोजन गरि सम्भाव्य विपत्ति र विपत पश्चात हुने क्षति न्यूनिकरण र राहात तथा पुर्नस्थापना कार्यलाई प्रभावकारी ढङ्गले निरन्तरता दिइनेछ ।
- ग्रिन नगर क्लिन नगर,ग्रिन वडा क्लिन वडा, ग्रिन रोड क्लिन रोड आदी यसै वर्षदेखि अवलन वन गरिनेछ ।
- जिविकोपार्जनका लागि वनको अवधारणालाई सार्थक तुल्याउन यस नगरपालिकाभित्र रहेका सामुदायिक, साझेदारी वनको वैज्ञानिक व्यवस्थापनमा जोड दिइनेछ । मृगौला प्रत्यारोपण, डाईलाइसिस गराईरहेका, क्यानसर रोगि, मेरुदण्ड पक्षघात भएका बिरामिहरुलाई औषधी उपचारबापत सोधभर्ना रकम शिर्षकबाट प्रति महिना ५००० का दरले रकम भुक्तानीलाई निरन्तरता दिईनेछ ।
- नगरका सार्वजनिक प्रकृतिका क्षेत्रहरुको अतिक्रमण बढ्दै गएकोले प्रत्येक वडाका वडाध्यक्षको संयोजकत्वमा सार्वजनिक जग्गा संरक्षण उपसमिति गठन गरि सम्बन्धित वडामा रहेको सार्वजनिक जग्गा, ताल, पोखरी, गौचरण लगायतका सार्वजनिक महत्वका क्षेत्रको संरक्षण तथा संबर्द्धन गरिनेछ
- मध्यवर्ति क्षेत्रमा वन्य जन्तु र मानव विच बढदै गएको द्वन्द न्युनिकरण गर्न तारजालीको व्यवस्था गरिनेछ । मध्यवर्ति क्षेत्रमा हुने चोरी शिकारी नियन्त्रणका लागि विशेष निगरानी कार्यक्रम संचालन गरिनेछ ।
- सौर्य उर्जाको प्रयोग गरी विद्युतीय उर्जाको खपत गर्नुपर्ने अवस्थालाई मध्यनजर गरी नवीकरणीय उर्जा र वैकल्पिक उर्जाको प्रयोगलाई उच्च प्राथमिकता दिइनेछ ।
- ढकेला, सटखलुवा, रानीजरुवा, कालापानी एकीकृत जलाधार संरक्षण योजनाको संभाव्यता अध्ययन गरी कार्यान्वय प्रक्रिया अगाडी बडाईने छ ।
- राष्ट्रिय निकञ्ज र मध्यवर्ति क्षेत्रमा पर्यटन विकासका लागि सहकार्यको नीति अवलम्बन गरिनेछ ।
- बर्दिया राष्ट्रिय निकुञ्जसंग सहकार्य गरी नेचर गाइडको लागि मानव स्रोत विकास गरिनेछ ।
- जंगली जनावरको उचित व्यवस्थापन र जंगली जनावरबाट हुने क्षतिको न्यूनिकरण गर्नका लागि एकिकृत कार्ययोजना तयार गरी सहकार्य गरिनेछ ।
- खाना पकाउनका लागि दाउराको खपत कम गर्न विद्युतिय चुलो र सुधारिएको चुलो प्रर्वद्धन गर्ने कार्यक्रम संचालन गरिनेछ ।
- वनहरुमा अग्नी रेखा नियन्त्रणका लागि सामुदायिक वनलाई प्रोत्साहित गरिनेछ ।
- विपद व्यवस्थापन पूर्व सुचना प्रणालीलाई व्यस्थित बनाईनेछ ।

४. सुशासन तथा संस्थागत विकास सम्बन्धी नीतिः

४.१ राजश्व परिचालन एवं अभिवृद्धि सम्बन्धी नीतिहरुः

- विद्यमान करको दरमा कम गरी महिला घाइते तथा अपाङ्गता भएका, सहिद, वेपत्ता, दलित, विपन्न हरुलाई करमा सहुलियत प्रदान गरी करको दायरा बढाउने र बढीभन्दा बढी व्यवसायीहरुलाई स्वस्फुर्त रुपमा कर तिर्न प्रोत्साहित गर्न नगरपालिकामा विविध कार्यक्रम सहित कर सप्ताह कार्यक्रम संचालन गर्ने
- राजश्व संकलन कार्यलाई व्यवस्थित र करको दायरालाई फराकिलो गरी वडा कार्यालयबाटै कर, शुल्क दस्तुर असुल गर्ने व्यवस्था मिलाईने छ ।
- सामुदायिक वन, घर बहाल कर, व्यवसायीक करलाई व्यस्थित गरिनेछ ।
- घरनक्सा पास गर्ने प्रक्रियालाई सहज बनाईनेछ । साथै घर अभिलेखिकरणलाई अनिवार्य गरिनेछ ।
- श्रोत परिचालनलाई समतामुलक, प्रगतिशिल र न्यायपूर्ण बनाई राजश्वको दायरा वृद्धि गरिनेछ । सबै करदाताहरुको सहभागितामा राजश्व अभिवृद्धिगरी कुल बजेटमा आन्तरिक आम्दानीको अंश वृद्धि गरिदै लगिनेछ ।
- श्रोत व्यवस्थापनलाई वैज्ञानिक, यथार्थ परक र व्यवस्थित गर्न कम्प्युटरीकृत Computer Software को प्रयोगबाट Database का आधारमा कर शुल्क संकलन कार्यलाई थप प्रभावकारी बनाईनेछ । कर, शुल्क संकलन कार्यलाई प्रभावकारी बनाउन भौतिक सुविधा सम्पन्न स्थान र दक्ष जनशक्तिको परिचालन गर्नुका साथै कार्यरत कर्मचारीहरुको क्षमता अभिवृद्धिमा समेत विशेष ध्यान दिइनेछ ।
- उपभोक्ता समिति मार्फत सञ्चालन हुने कुनै पनि योजनाहरुको सम्झौता गर्नु अगावै उपभोक्ता समितिका पदाधिकारीहरुले नगरपालिकालाई बुझाउनु पर्ने कर, शुल्क, दस्तुर चुक्ता गर्न अनिवार्य गरिनेछ ।
- वित्तीय श्रोत परिचालन र व्यवस्थापनमा निजि क्षेत्र र नागरिक समाजको सहभागिता र सहकार्यलाई बढाउदै लगिनेछ । सम्पूर्ण करदातालाई स्वःस्फुर्त रुपमा करको दायरामा ल्याई आफूले तिरेको करको उचित उपयोग भएको छ भन्ने अनुभूति दिलाईनेछ । नगरपालिकालाई नियमित र बढी कर तिर्ने करदातालाई सम्मानित गर्ने परम्परालाई व्यवस्थित ढंगले अगाडी बढाईनेछ ।
- नगरपालिकाद्वारा गर्ने राजश्व सम्बन्धी निर्णय र आर्थिक कारोवारमा पारदर्शिता र सहभागिता प्रवर्द्धन गरिनेछ । वित्तीय अनुशासन कायम गर्न आन्तरिक नियन्त्रण प्रणालीलाई सक्षम बनाई वित्तीय सूचनाको अभिलेख र प्रतिवेदन प्रणालीलाई नियमित र व्यवस्थित गरिनेछ । नगर पालिकाको श्रोतसाधन र सम्पतिको उच्चतम प्रयोग र परिचालनद्वारा प्रशासनिक एवं अनुत्प(ादक खर्चमा नियन्त्रण गरी विकास कार्यमा गरिने पूजीगत लगानीमा वृद्धि गर्दै लगिनेछ । नगरपालिकाले उठाउने कर दस्तुर तथा शुल्कलाई व्यवस्थित, पारदशी र प्रभावकरी तुल्याउन आवश्यकता अनुसार कार्यविधि निर्देशिका तयार गरी लागू गरिनेछ ।
- नगरको विकास निर्माण तथा सेवा सुविधा प्रवाह गर्न आवश्यक पर्ने वित्तीय श्रोतको कमि(लाई पूर्ति गर्न संघिय सरकार, प्रदेश सरकार, दातृ निकाय तथा संघ संस्था र निज क्षेत्र एवं नागरिक समाज लगायत सबै सम्भाव्य आन्तरिक एवं बाह्य क्षेत्रका निकायसँग समन्वयगरी श्रोतको अधिकतम परिचालन गरिनेछ ।
- नगरपालिका अन्तरगतका हाटबजारहरु अस्थायी हाटवजार, बसपार्क जस्ता स्थानमा पूर्वाधार

सुधार गरी स्तरवृद्धि गरिदै लगिनेछ। उक्त क्षेत्रको सञ्चालन र व्यवस्थापनमा निजि क्षेत्रलाई सहभागी गराइने नीति लिईनेछ।

- नगरपालिकाद्वारा वहालमा लगाईएका सम्पत्तिहरुको वहाल बन्दोबस्त गर्दा प्रचलित बजारदर को आधारमा वहाल कायम गरी प्रतिस्पर्धात्मक विधि र प्रक्रिया अपनाईनेछ।

४.२ सेवा प्रवाह, सुशासन तथा संस्थागत विकासः

- नगरबाट प्रदान हुने सेवा प्रवाहमा मुस्कान सहितको सेवाको अवधारणालाई पूर्ण रुपमा कार्यान्वयनमा ल्याइनेछ
- नगरवासीलाई आधारभूत सेवा सुविधा सहजतापूर्वक प्रदान गर्न संस्थागत क्षमता विकास गरिनुका साथै कर्मचारीहरुको क्षमता अभिवृद्धि तालिम प्रदान गरिनेछ।
- बिद्युतीय नागरिक वडापत्र तथा नागरिकलाई सुचना दिन मोबाइल एप्लिकेसनहरुको प्रयोग गरिनेछ। साथै नगरपालिकाका सबै वडा कार्यालयहरुमा इन्टरनेट सेवा प्रभावकारी बनाईनेछ।
- नगरपालिकाबाट नगरिकहरुलाई प्रदान गरिने सेवा सुविधाहरुमा छिटो छरितो र प्रभावकारी बनाउन कम्प्युटर प्रणालीको प्रयोग र कर्मचारीहरुलाई कम्प्यूटर तालिम प्रदान गर्ने नीति लिइनेछ।
- जनताले स्वामित्व ग्रहण नगरेसम्म विकास प्रयासहरु दिगो तथा प्रभावकारी हुन सक्दैनन तसर्थ नगरक्षेत्रभित्र बडघर, अगुवा तथा टोल विकास संस्थालाई विकासको आधारस्तम्भका रुपमा परिचालन गरिनेछ। नगरपालिकाको कार्य सम्पादनलाई छिटोछरितो, पारदर्शी गुणस्तरिय र प्रविधिमैत्रि बनाउँदै भ्रष्टचारको शून्य सहनशिलताको नीति अबलम्बन गरिनेछ।
- सेवा प्रवाहका हरेक क्षेत्रमा प्रविधिको विकास तथा विस्तार गरी विद्युतीय शासन (E- Governance)लाई कार्यान्वयन गर्ने नीति लिईनेछ। नगरबासीहरुको राय सुझाव संकलन, गुनासो व्यवस्थापन र जबाफदेहिता बहन गर्नका लागि नगरपालिकासँग नगरबासीको सिधा सम्पर्कको लागि हरेक वडामा र नगर कार्यपालिकामा गुनासो पेटिकाको व्यवस्थालाई निरन्तरता दिइनेछ। जनताको गुनासो व्यस्थापनका लागि नगर कार्यपालिकामा नगर प्रमुखको संयोजकत्वमा र वडा कार्यालयमा वडा अध्यक्षको संयोजकत्वमा गुनासो व्यवस्थापन समिति गठन गरी गुनासोको सुनुवाई गरिनेछ।
- ११ वटै वडा कार्यालयबाट संकलन हुने राजश्वलाई Intranet Computer System बाट नगरपालिकाको केन्द्रिकृत राजश्व प्रणालीमा आवद्ध गराउने कार्यलाई व्यवस्थीत गर्दै लगिनेछ।
- नगरबाट प्रदान गरिने सेवाको सम्बन्धमा जनतालाई सुचित गर्न नागरिक वडापत्रलाई Digital Notice Board को माध्यमबाट सेवा सम्बन्धी जानकारीलाई सहज तुल्याईने छ। आन्तरिक स्रोतको परिचालनबाट नगरको वित्तिय सवलिकरण र आर्थिक स्थायित्व कायम गरिनुका साथै नगरको वित्तिय पक्षलाई समग्र आर्थिक समृद्धिको मुल आधार बनाईनेछ
- जनप्रतिनिधिहरुका लागि समयानुकुल अभिमुखिरण कार्यक्रम सञ्चालन गरिने छ। क्षमता अभिवृद्धिका लागि कार्यक्रम गरिनेछ।
- नगरपालिकाको विकासका लागि निम्न अनुसारका आवधिक योजना निर्माण गरी समग्र विकास प्रक्रियालाई संस्थागत गरिनेछ। जस्तै आर्थिक रणनीतिक योजना, कृषि तथा उद्यम योजना, विपद व्यवस्थापन योजना, सामाजिक समावेशिकरणको नीति आदि। साथै भईरहेका योजना,नगर प्रोफाईलहरुलाई आवश्यकताको आधारमा अध्यावधिक गरिनेछ।

- स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा ११ अन्तरगतका अधिकार कार्यान्वयनका लागि नगर प्रहरिको व्यवस्था गरिनेछ ।

४.३ रोजगार तथा स्वरोजगार सम्बन्धि

- नगर भित्रका बेरोजगार युवा युवतीहरुलाई स्वरोजगार बनाउन स्थानीय श्रोत साधनको उपयोग हुने गरि परम्परागत पेशा तथा आधुनिक सिपसंग साक्षात्कार गराउन बिभिन्न किसिमका तालिमहरु संचालन गरिने छ । साथै दलित समुदायको सिप र कलालाई आधुनिकीकरण गर्नका लागि तालिम र सामग्रीको व्यवस्था गरिनेछ ।
- नगर क्षेत्रभित्रका बेरोजगारहरुको पहिचान गरि संघीय सरकारको प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत रोजगारी सिर्जना गर्न थप क्षेत्रहरुको पहिचान गरि रोजगार कार्यक्रम अगाडी बढाईनेछ ।
- चिकित्सा क्षेत्रमा स्थानीय दक्ष जनशक्ति उत्पादन गरी यस नगरमा सेवा गर्ने गरि नगरका आर्थिक रुपले बिप्पन्न दलित र थारु समुदायका जेहेन्दार छात्र छात्रालाई चिकित्सा शिक्षा अध्ययन गर्न छात्रवृतिको व्यवस्था मिलाइने छ ।

४.४ विविध

- समाजमा सकारात्मक सोंचको विकास गरी शान्ती र अमनचयन, नेतृत्व तथा व्यक्तित्व विकासका लागि योग, ध्यान जस्ता कार्यक्रमहरुको संचालन गरिनेछ ।
- बालमैत्री, वातावरणमैत्री, धुवा रहित, पुर्ण सरसफाईयुक्त, पूर्ण साक्षर नगरपालिका बनाउने अभियानलाई निरन्तरता दिइनेछ ।
- महिला, बालबालिका, आदिवासी जनजाति, दलित, अपांग र पछाडि परेको वर्ग तथा समुदायलाई विकासको मुलधारमा समाहित गर्न प्राथमिकता दिइनेछ ।
- गैर सरकारी क्षेत्रलाई आर्थिक सामाजिक विकासको साझेदारको रुपमा लिइनेछ र उनीहरुको क्षमता र अनुभवका आधारमा विकास प्रक्रियामा सहभागि र परिचालन गरिनेछ
- सामाजिक हानिकारक व्यवहार परिवर्तन सम्वन्धी कार्यक्रम अभियान सन्चालन गरिनेछ
- स्थानीय स्तरमा छरिएर रहेका बीउँपुँजी स्थानीय घुम्तीकोष, स्थानीय विकास कोष, गरीब संग विश्वेश्वर कार्यक्रम मार्फत गरिएका लगानीलाई बारबर्दिया नगरपालिकाको मातहतमा ल्याई संचालन गर्ने नीति अवलम्बन गरिनेछ ।
- यस नगरमा परम्परागत रुपमा चलि आएको बडघर प्रथालाई व्यवस्थित गर्न नेपालमै प्रथम पटक वडघर ऐन जारी गरि सकिएकोमा सम्पुर्ण बरघरहरुको अभिलेखिकरण गरि स्थानिय सरकारका कार्यहरुमा बरघरहरुको सहभागिता र परिचालनलाई व्यवस्थित गरि संस्थागत क्षमता विकास तथा सचेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ ।
- बारबर्दिया नगरपालिकाको पहिचानका लागि गरिने अनुसन्धान, शोध पत्र लेख्नेलाई प्रोत्साहान गरिने र उक्त शोधपत्रहरुलाई नगरपालिका भित्रका समुदायिक सिकाई केन्द्रको पुस्तकालयमा राख्ने व्यवस्था मिलाईने छ ।

आदरणीय नगरसभाका सदस्यज्यूहरु

यो नीति तथा कार्यक्रम प्रस्ताव गर्दा सन्तुलित र सुदृढ अर्थतन्त्र निर्माण गर्ने, स्वस्थ्य र सक्षम जनशक्ति विकास गर्ने, विकासलाई समावेशी, जनमुखी, नतिजामुखी, सामाजिक न्यायमा आधारित बनाउने, सुशासन कायम गर्ने गराउने, सम्वृद्ध बारबर्दिया नगरपालिकाको दीर्घकालीन उद्देश्य राखिएको छ। यो नीति तथा कार्यक्रम लोकतान्त्रिक शासन पद्धती, सामाजिक न्याय, समन्यायिक आर्थिक विकास, दीगो विकास लक्ष्य, शान्ति सुरक्षासंग सम्बन्ध राख्दछ। वार्षिक नीति तथा कार्यक्रमबाट विकासमा जनताको सहभागिताका साथै सबै खाले सामाजिक विभेदको अन्त्य, नागरिक सवलीकरण, ज्ञान र सीप तथा नवप्रवर्तनमा आधारित उत्पादन प्रणाली, प्रविधि विकास मार्फत श्रमको उत्पादकत्व वृद्धि हुनुको साथै यसले समाजवादको मार्ग प्रशस्त गर्दछ भन्ने मेरो विश्वास छ।

अन्त्यमा जनप्रतिनिधिहरुको दोस्रो आगमन भइ जनताप्रति उत्तरदायी तीनै तहको शासन सञ्चालन भइरहेको अवस्था छ। बारबर्दिया नगरपालिकाले पनि संविधानले गरेको परिकल्पना गरेको, राज्यले लिएको दीर्घकालीन उद्देश्य पुरा गर्न सदैव तल्लीन छ। बारबर्दिया नगरपालिकाको यो महान अभियानमा साथ दिनुहुने सबै सकृय राजनैतिक दलका प्रमुख एवं प्रतिनिधि ज्यूहरु, विभिन्न संस्थागत व्यक्तित्वहरु, बुद्धिजिवी, पत्रकार, उद्योगी व्यवसायी, राष्ट्रसेवक कर्मचारी, शिक्षक, सुरक्षाकर्मी, जनप्रतिनिधि र सबै विकास साझेदार संस्थाहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु।

छविलाल थारु
नगर प्रमुख
२०८० असार १०

बारबर्दिया नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन

सभाबाट परित मिति २०८०/०३/१०

प्रस्तावनाः

बारबर्दिया नगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम बारबर्दिया नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(क) यस ऐनको नाम "बारबर्दिया आर्थिक ऐन, २०८०" रहेको छ ।

(ख) यो ऐन २०८० साल श्रावण ०१ गतेदेखि बारबर्दिया नगरपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **भुमि तथा मालपोत र घर करः** बारबर्दिया नगरपालिका क्षेत्र भित्र भोग चलन हुदै आएको भूमीमा मालपोत कर तथा निर्माण भएका घरको हकमा सो को प्रकार हेरी अनुसुचची -१ मा भएको व्यस्था अनुसार भूमि तथा मालपोत र घर कर लगाइने र असूल उपर गरिनेछ ।

३. **वहाल विटौरी तथा हाट बजार करः** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएको मा वहाल कर लगाइने र नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका हाट बजार वा पसलमा अनुसूचि -२ मा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

४. **व्यवसाय करः** नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि -३ बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

५. **प्राकृतिक श्रोतको उपयोग करः** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले काठ दाउरा जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत र बालुवा गिटी ढुंगा आदिको उपयोग गरे वापत अनुसूचि -४ बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

६. दम २६८ सोहि बमोजिम हुनेछ ।

७. **विज्ञापन करः** नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि -५ बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **सेवा शुल्क, दस्तुरः** नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि -६ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

९. **कर छुट तथा जरिवानाः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई उल्लेखित कर छुट दिइने तथा विलम्ब गरी कर दाखिला गरेमा अनुसूची -७ अनुसारको

जरिवाना असुली गरिनेछ ।

१०. घाट उत्राही कर: यस ऐन बमोजिम यस नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने नदिहरुको घाटमा अनुसूची -८ बमोजिम दर रेटमा घाट उत्राही कर लाग्नेछ ।

११. कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि: यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि नगरपालिकाले तोके अनुसार हुनेछ ।

अनुसूचीहरु

अनुसूची-१

घरकर			
क्र.स.	**घरको प्रकार**	**करको दर**	**कैफियत**
१	पक्की घर ५ तले वा सो भन्दा माथी	५००	
२	पक्की घर ४ तले	४५०	
३	पक्की घर ३ तले	४००	
४	पक्की घर २ तले	३५०	
५	पक्की घर १ तले	२५०	
